*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ. ५६–६८*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# महत्ताहीन उपन्यासमा औपन्यासिकता

डा. नित्यानन्द खतिवडा

उपप्राध्यापक, पिण्डेश्वर विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय

nityanandakhatiwada@gmail.com

## लेखसार

प्रस्तुत लेख पारिजातद्वारा रचना गरिएको महत्ताहीन उपन्यासको औपन्यासिकताको विश्लेषणसँग सम्बन्धित छ । यसका लागि नेपालीमा प्रचलित उपन्यासका विधागत सिद्धान्तलाई उपयोग गरिएको छ । महत्ताहीन उपन्यासको औपन्यिसकताको खोजलाई मुख्य समस्या बनाइएको यस अध्ययनको मूल उद्देश्य औपन्यासिक तत्त्वका दृष्टिले प्रस्तुत कृतिको विधागत स्वरूपको अध्ययन गर्नु रहेको छ । विधा तात्त्विक अध्ययनमा सीमित यो लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस लेखमा पुस्तकालयीय स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । यहाँ *महत्ताहीन* उपन्यासलाई प्राथमिक सामग्री र सम्बद्ध अन्य सामग्रीलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । यस लेखबाट विसङ्गत जीवनदृष्टिचेत समेटिएको महत्ताहीन उपन्यास विचारप्रधान हुनाका साथै चिन्तनको बोझले गौण बनेको कथानक, जीवनको गति नभेट्टाएर हराइरहेका चरित्र, मूर्त एवम् अमूर्त पर्यावरण एवम् लय र गतिको सुस्त प्रयोगका कारण मध्यम स्तरको उपन्यास बन्न पुगेको तथा यो उपन्यास विसङ्गतिवादी चिन्तनको प्रयोगका दृष्टिले निकै उत्कृष्ट रहेको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : आत्मपीडक, विसङ्गति, बेगुनबेली, शून्यता, औपन्यासिकता

## विषयपरिचय

उपन्यास एउटा साहित्यिक विधा हो । आख्यान विधाअन्तर्गत पर्ने उपन्यासले मानवीय जीवन र जगत्का यावत् विषयहरूलाई आत्मसात् गरेको हुन्छ । उपन्यासमा मानव जीवन, जगत्, समाज, विविध चिन्तन, प्रवृत्तिहरू विषय बनेर आएका हुन्छन् । दोस्रो विश्वयुद्धपछि भने उपन्यास अझ सूक्ष्म र प्रयोगमूलक बनेको पाइन्छ । पाश्चात्य जगत्मा जन्मिएर हुर्कँदै संसारभर फैलने क्रममा पूर्वमा भित्रिएको उपन्यासले नेपाली साहित्यलाई पनि राम्रो प्रभाव पारेको छ । खासगरी वि.सं. १८२७ देखि आजसम्म नेपाली उपन्यासले विविध आरोहअवरोह पार गरेको देखिन्छ । प्राथमिक काल (१८२७–१९४५), माध्यमिक काल (१९४६–१९९०) र आधुनिक काल (१९९१– आजसम्म) गरी तीन चरणमा विभाजित यस विधामा अनेकानेक प्रतिभा र प्रवृत्तिहरू देखिएका छन् (श्रेष्ठ र शर्मा, २०३४, पृ. १०२) । यसै क्रममा पारिजात (१९९३–२०५०) देखापरेकी हुन् । उनका शिरीषको फूल (२०२२), *महत्ताहीन* (२०२५), बैंसको मान्छे (२०२९), पर्खालभित्र र बाहिर (२०३१), तोरीबारी बाटा र सपनाहरू (२०३३), अन्तर्मुखी (२०३४), उसले रोजेको बाटो (२०३५), अनिदो पहाडसँगै (२०३९), परिभाषित आँखाहरू (२०४६) र बोनी (२०४८) उपन्यासहरू प्रकाशित छन् । यी उपन्यासहरूमा विसङ्गतिवादी/शून्यवादी जीवनदृष्टि, अस्तित्ववादी दृष्टि, आलोचनात्मक यथार्थवादी दृष्टि, प्रगतिवादी दृष्टि, सूक्ष्म मनोविश्लेषण, आत्मपरक उपन्यासको प्राधान्य, कवितात्मक गद्यभाषाजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

पारिजातले *शिरीषको फूल* (२०२२) उपन्यास लेखेर अझै मनले नमानेपछि '*महत्ताहीन*' लेखेर सन्तोष गरिन् । परिपाटीबद्ध उपन्यास लेखनको युग वि.सं. २०१८ को *अनुराधा*सम्म आउँछ र बौद्धिक साधनाको उच्च प्रयोग २०२१ को *आज रमिता छ*बाट सुरु हुन्छ । ध्रुवचन्द्र गौतम, कन्हैया नासननी, ऋषिराज बराल, खगेन्द्र संग्रौलाहरूले गरेको लामो बौद्धिक यात्रासँगै हिँडेकी पारिजातले धेरै वटा बौद्धिक रचनापछि शासनविरोधी मार्ग समातेकी हुन् । *महत्ताहीन* (२०२५) पारिजातको प्रयोगस्वरूपको वैचारिक उपन्यास हो । यस लेखमा औपन्यासिक तत्त्वका आधारमा *महत्ताहीन* उपन्यासको विश्लेषण गरिएको छ । त्यसैले यस लेखको प्रमुख उद्देश्य औपन्यासिक तत्त्वका आधारमा *महत्ताहीन* उपन्यासको अध्ययन गर्नु रहेको छ । यसको उद्देश्य परिपूर्तिका लागि पारिजातका औपन्यासिक प्रवृत्तिहरूका साथै तत्त्वगत दृष्टिले *महत्ताहीन* उपन्यास के कस्तो रहेको छ भन्ने समस्यालाई आधार बनाएर यो लेख तयार पारिएको छ । तसर्थ औपन्यासिक सिद्धान्तका आधारमा *महत्ताहीन* उपन्यास के कस्तो रहेको छ भन्ने कुरालाई प्रमुख समस्या मानी प्रस्तुत लेख तयार पारिएको छ । पारिजातको *महत्ताहीन* उपन्यासमा मात्र केन्द्रित हुनु यस लेखको सीमा हो । पारिजातका उपन्यासबारे विविध अध्ययन भए पनि तत्त्वगत रूपमा यसै उपन्यासलाई मात्र विषय बनाएर अध्ययन गरिएको नपाइएका कारण त्यसको पूर्णता यो लेख बनेको छ, जुन यसको शोधअन्तराल पनि हो । पारिजातको प्रयोगस्वरूप यस उपन्यासको तत्त्वगत सिद्धान्तका दृष्टिको अध्ययनले भावकलाई केही नयाँ ज्ञान प्राप्त हुने कारण यो लेख आफैँमा औचित्यपूर्ण रहेको छ ।

उपन्यासकार पारिजातको जीवनी र उनका उपन्यासबारे विविध कोणबाट व्याख्या विश्लेषण गर्ने काम भइसकेको छ । उनका विविध उपन्यासबारे अनेक कोणबाट पनि अध्ययन अनुसन्धान भएको पाइए पनि *महत्ताहीन* उपन्यासलाई केन्द्र बनाएर विधातात्त्विक विश्लेषण भएको पाइँदैन । पारिजातको उपन्यासयात्रा *शिरीषको फूल* (२०२१) देखि *बोनी* (२०४८) उपन्याससम्म तन्किएको पाइन्छ । उपन्यासयात्राको यस लामो कालखण्डमा पारिजातका दश वटा उपन्यास कृतिहरू प्रकाशित छन् । *महत्ताहीन* पारिजातको *शिरीषको फूल*पछिको दोस्रो उपन्यास हो । उनको पहिलो उपन्यासले अस्तित्ववादी दर्शनलाई जीवन दिने प्रयास गरेको छ भने दोस्रो उपन्यासमा महाविसङ्गतिबोधको अभिव्यक्ति दिइएको छ । *शिरीषको फूल* उपन्यासले सफलता पाएपछि पारिजातका अन्य उपन्यासजस्तै *महत्ताहीन* पनि छायामा परेको देखिन्छ । यो परम्पराभिन्न प्रवृत्तिको देखिए पनि उपन्यासको मिहे भने छोडेको देखिँदैन । विधातात्त्विक दृष्टिले पूर्ण बाटो नहिँडे पनि धेरै हिँडेको यो उपन्यास अन्य उपन्यासका तुलनामा केही जटिल भएर हुनसक्छ अध्येताहरूको दृष्टि कमै परेको देखिन्छ । यो उपन्यास प्रकाशन र यसपछि पारिजातका उपन्यासका बारेमा आएका टीकाटिप्पणीहरूलाई यहाँ पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमका आधारमा प्रस्तुत गरिएको छ :

खगेन्द्र सङ्ग्रौलाले जनमत पत्रिकामा पारिजातको औपन्यासिकी बारे चर्चा गरेका छन् । उनका अनुसार– "*शिरीषको फूल* कालमा शून्यवाद नै पारिजातको वीर थियो, यस कालको वीर पूजा प्रवृत्ति उच्चतम र निकृष्टम अभिव्यक्ति *महत्ताहीन*मा भएको छ" (२०४९, पृ.४१) । खगेन्द्र सङ्ग्रौलाको यस टिप्पणीमा पारिजातको औपन्यासिक जीवन दृष्टि मुखरित भए पनि *महत्ताहीन*लाई केन्द्रमा राखेर तत्त्वगत टिप्पणी भएको पाइँदैन । मुरारी अर्यालले *पारिजात स्मृति ग्रन्थ* पुस्तकमा पारिजातको *शिरीषको फूल* र *महत्ताहीन* उपन्यासबारे टिप्पणी गर्दै उनका औपन्यासिक प्रवृत्तिबारे केही चर्चा गरेका छन् । उनका अनुसार *महत्ताहीन*की पारिजात *शिरीषको फूल*की पारिजातको सापेक्षतामा कम शून्यवादी देखिएको तथ्यले मुलुलकमा विद्यमान कालो शासनविरुद्ध जनआन्दोलनका प्रारम्भिक लक्षण देखिनासाथ शून्यवादी अँध्यारोबाट उज्यालोतर्फ आकर्षित हुन लागेको सङ्केत मान्न सकिन्छ (२०५१, पृ.५९) । स्मृति ग्रन्थमा प्रस्तुत अर्यालको यस टिप्पणीमा पनि *महत्ताहीन* उपन्यासको मूल प्रवृत्तिबारे सामान्य चर्चामात्र पाइन्छ । यहाँ

यस उपन्यासका अन्य पक्षबारे अध्ययन गरिएको पाइँदैन ।यसैगरी लीला लुईंटेलको कुञ्जिनी पत्रिकामा 'नेपालीमा महिला उपन्यासकारको अवस्थिति' शीर्षकको लेख प्रकाशित रहेको छ । यसमा पारिजात र उनको विवेच्य उपन्यासबारे चर्चा पाइन्छ । उनका अनुसार "*महत्ताहीन* मा जीवनको अस्तित्वहीनता, निस्सारता र विसङ्गतिको चेपमा किचिएर बाँच्न विवश मानवीय बाध्यतालाई प्रस्तुत गरिएको छ " (२०६२, पृ. ६८)।समालोचक लुइँटेलको यस टिप्पणीमा *महत्ताहीन* उपन्यासको विचारपक्षबारे चर्चा पाइए पनि तत्त्वगत पक्षबारे यहाँ कुनै टिप्पणी देखिँदैन ।

कृष्णचन्द्रसिंह प्रधानले *साझा समालोचना* मा पारिजातको *महत्ताहीन* उपन्यासबारे केही चर्चा गरेका छन् । उनका अनुसार *महत्ताहीन* निर्लिप्त संलग्नताको भोगाइको प्रतीति समेट्छ । व्यर्थताबोधमा अनिच्छा र अस्वीकृतिमूलकता पलाउँछ तर निम्नतम स्थितिसँग गरिने सम्झौताहरू काम चलाउ जीवन जिउन बाध्य मनुयको नियति हो । अनिच्छापूर्ण भोगाइको आकुल–व्याकुलता पनि सहज र नियमितझैँ यापित भएर जिइरहेको जिन्दगीको निस्सार, निम्नतर र कामचलाउ रूप *महत्ताहीन*को यथार्थ हो (२०५८, पृ. ४३१) । समालोचक कृष्णचन्द्रसिंह प्रधानको यस टिप्पणीमा *महत्ताहीन* उपन्यासको मूल प्रवृत्ति देखाइएको छ । उपन्यासका के छ भन्ने विषय यहाँबाट थाहा पाइन्छ तर तात्त्विक दृष्टिले उपन्यास कस्तो छ भन्ने सन्दर्भ यहाँ पाइँदैन । कृष्णचन्द्रसिंह प्रधानले अर्को ग्रन्थ नेपाली उपन्यास र उपन्यासकारमा पनि पारिजातको *महत्ताहीन* उपन्यासबारे चिन्तन गरेका छन् । उनका अनुसार मानवीय मूल्यहीनताको पशुताबोधभित्र जुन शून्य अवस्थित छ, त्यो *महत्ताहीन*को ससीमताका निषेधित मूल्यको स्वीकार्यको पतनमा एकदम मूल्यरहितता हो । अस्तित्व मूल्यहीनताको अर्को अनुभूतिमात्र हो, मूल्य नै नमान्ने रहितताको स्वीकृति होइन । जसको विरुद्ध अस्तित्ववादीहरूको विद्रोह छ, गुनासो छ र असहयोग छ । तर अनाम व्यतित सचेत हुँदाहुँदै पनि साग्रह अस्तित्वबोध गरिरहेको छैन (२०५८, पृ. ३४८) । प्रधानको यस अध्ययनमा पनि *महत्ताहीन* उपन्यासको मूल प्रवृत्तिबारे चर्चा पाइन्छ तर तत्त्वगत रूपमा उपन्यास कस्तो रहेको भन्ने विषय आएको देखिँदैन । घनश्याम दाहालले *प्रमुख नेपाली उपन्यास र उपन्यासकार* कृतिमा उपन्यासकार पारिजातको परिचय र प्रवृत्तिसँगै *शिरीषको फूल* उपन्यासबारे चर्चा गरेको पाइन्छ । यहाँ विवेच्य उपन्यासबारेको चर्चाले समेत स्थान पाएको छ । "*महत्ताहीन* उपन्यासले विसङ्गत जीवनको असङ्गत अवस्थालाई सङ्केत गरेको छ । विसङ्गति जीवनमा अत्यन्तै टीठलाग्दो रूपमा आउने गर्दछ । जसलाई उपन्यासले अभिव्यक्त गरेको छ" (२०७८, पृ. १०२) भन्ने उनको धारणा रहेको छ । समालोचक दाहालको विवेच्य उपन्यासमाथिको यस टिप्पणीमा पनि उपन्यासको मूल विचार वा प्रवृत्तिको विश्लेषण पाइन्छ । यहाँ उपन्यासका अन्य विषय, पात्र, परिवेश आदि पक्षबारे कुनै चिन्तन पाइँदैन । यी पूर्वकार्यहरू कुनै न कुनै रूपमा पारिजातका उपन्याससँग सम्बन्धित छन् । माथिका कुनै पनि टिप्पणीमा पारिजातको *महत्ताहीन* उपन्यासको विधातात्त्विक दृष्टिले चर्चा गरिएको पाइँदैन । विधागत तत्त्वको अध्ययनले मात्र उपन्यासलाई पूर्णरूपमा पहिचान गर्न सहयोग पुऱ्याउँछ । त्यसैले प्रस्तुत अध्ययनमा अझ नजिकबाट चिन्नका लागि विधातात्त्विक अवस्थाका दृष्टिले उपन्यास के कस्तो रहेको छ भन्ने कुराको निरूपण गरिएको ।

## अध्ययनविधि

यो गुणात्मक ढाँचाको अध्ययन हो । यसमा विवेचित कृति प्राथमिक र अन्य सम्बद्ध अध्ययनहरू द्वितीयक ढाँचाका स्रोतसामग्रीहरू हुन् । उपन्यासको तत्त्वगत सिद्धान्तका आधारमा उपन्यासको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको यस लेखको निष्कर्ष आगमन विधिमा आधारित छ । उपन्यासको तत्त्व भन्नाले यसका संरचक घटकहरू हुन् जसको अधावमा उपन्यास बन्न सक्दैन । उपन्यासका तत्त्वहरूका बारेमा विद्वान्हरूका बिचमा मतैक्य पाइन्न । पश्चिममा प्रचलित उपन्यासका तत्त्वको प्रभाव नेपालीमा पनि देखिन्छ । उपन्यासमा कथानक, चरित्र,

देशकाल वातावरण, दृष्टिबिन्दु, विचार, सारतत्त्व,भाषाशैली, प्रतीक र बिम्ब, गति र लय, शीर्षक (बराल, २०५६, प्रधान, २०६१, दाहाल, २०७८) लगायतका तत्त्वहरूबारे चर्चा पाइन्छ । यस लेखमा मूल रूपमा कृष्णचन्द्रसिंह प्रधानको *नेपाली उपन्यास र उपन्यासकार* (२०६१) कृतिमा प्रस्तुत कथानक, चरित्र, दृष्टिविन्दु, भाषा, वातावरण, उद्देश्य तथा पाश्चात्य उपन्यासबाट नेपालीमा प्रचलनमा रहेका प्रतीक र बिम्ब, गति र लय, शीर्षक आदि तत्त्वहरूलाई सैद्धान्तिक पर्याधार बनाइएको  छ ।

## नतिजा तथा छलफल

### महत्ताहीन  उपन्यास औपन्यासिक तत्त्व

*महत्ताहीन* उपन्यासकार पारिजातको २०२५ सालमा प्रकाशित उपन्यास हो । जीवनको निस्सारतालाई शून्यताको सेरोफेरोमा देखाइएको यस उपन्यासलाई यहाँ औपन्यासिक तत्त्वविधानका दृष्टिले निम्नअनुसार विभिन्न शीर्षक उपशीर्षकहरूमा रहेर विश्लेषण गरिएको छ ।

#### *कथावस्तु/कथानक*

म पात्र उनी रूपी युवतीसँगको प्रेमविवाहपछिको प्रथम रातमा आफ्नो घरको कोठामा देखापरेसँगै उपन्यासको कथावस्तु थालनी भएको छ । विवाहको पहिलो रात एकै ओछ्यानमा सुत्ने पासपोर्ट प्राप्त भए पनि म पात्रले जीवनको त्यो रमणीय पलको अनुभव नपाएको प्रसङ्ग उपन्यासमा रहेको छ । ‘श्रीमतीलाई नछोइकन रात काटेँ’ भन्ने म पात्रको मनस्थिति विसङ्गत देखिन्छ । नियमित अफिस जाने क्रममा साथीहरूले हिजोको रात अर्थात् सुहागरातबारे सोधखोज गरे पनि म पात्र प्रतिक्रियाहीन देखिएको छ । साथीहरू विवाहमा दश पन्ध्र दिन बिदा बसेको, दिउँसो पनि बहाना गरी घर गएको, सँगै बसेको कुरा निकाल्दै म पात्रलाई जिस्क्याउँछन् तर ‘मैले त मेरी स्वास्नीलाई हिजो हातपात गरिनँ’ भन्ने म पात्रको प्रतिक्रियासँगै सबैले उसको मजाक उडाउँछन् । किनकि तिनीहरूको निष्कर्ष ‘स्वास्नीलाई सक्दो उपभोग गर्नुपर्छ’ भन्ने रहेको छ । आज पनि सदाझैँ म पात्र अबेरमात्र  घर फर्किएको छ । घरको कोठामा श्रीमती खुम्रे कीराझैँ गुँडुल्किएर सुतिरहेकी छ । आज पनि म पात्र चुपचाप सुतेर हिँडेको थियो । श्रीमती आज मन्दिर गएकी थिई । बैगुनवेलीको बोट हुँदै गएकी ऊ म पात्रले हेर्दा बेलीको झाँगनेर उभिएकी थिई । म पात्रको ‘तिम्रो नाम बिर्सेछु’ भनाइले युवती आधा इन्च मुस्काएकी छ । म पात्र आफूलाई एउटा कार्टुनमात्र  भएको र जीवनको मुखुन्डो ओडेर धानेको स्वीकार्दछ । विसङ्गतिवादी चिन्तन बोकेको म पात्र श्रीमतीप्रतिको प्रतिक्रियामा– ऊ एउटा रङ्गीन कीरा, फूलहरूको गाछीमुनि हुर्केकी, गोबरमा हुर्केकी, जाँडमा अझ गुहुमा हुर्केकी कीरा’ ठान्दछ । श्रीमान् र श्रीमतीको नाममात्रको सम्बन्ध जेनतेन अघिबढिरहेको देखिन्छ । श्रीमतीको ‘आनीबानी र व्यवहार मुर्दासमान भएको र पछाडिबाट कसैले टेको लाएर अड्याइएको’ भन्ने विसङ्गत विश्लेषण म पात्रको देखिन्छ । मानसिक रूपमा विक्षिप्त देखिने म पात्र श्रीमतीलाई जिउँदोभन्दा मृत मुर्दा देख्दछ । दिन जसोतसो काटेको म पात्रलाई रातको अन्धकारले वेचैन गराउँछ । श्रीमती र स्वयम् आफूप्रति नकारात्मक भाव बोकेको म पात्रले लामो समयदेखि हाँस्न नै बिर्सेको छ । घर अनि अफिसलाई दैनिकी बनाएको म पात्रको फेरिएको स्वरूप देखेर अफिसका साथीहरू व्यङ्ग्य गर्दछन् ।

श्रीमतीको अप्रत्यासित निधनपछि घरेलु झगडा थियो वा मार्ने हैसियत थियो भनेर म पात्रमाथि समाजले प्रश्न गर्दा म पात्र आफूले नगरेको र ऊ आफैँ पनि नमरेको अनौठो प्रतिक्रिया दिन्छ । एउटा असामान्य मान्छेझैँ म पात्र जीवनलाई अर्थ दिन उसले मृत्यु रोजी अथवा भयानक मृत्युको नियतिमा परी भन्ने विसङ्गत उत्तर दिन्छ । म पात्रका दिनहरू घर, अफिस गर्दै बितिरहेका छन् । अब श्रीमती पनि नरहेपछि मपात्र घरभन्दा स्थानीय रक्सीभट्टीतिर धाउन

थालेको छ । त्यहाँ उसका अफिसका र अन्य साथीहरू दैनिक आउने गर्दछन् । होटलमा शिया नामकी एउटी युवती तथा उसले न भेट्टाएर पालेकी गोज्याङ्ग्रो जोगी, होटल मालिक्नी दिदी आदि रहेका छन् । यहाँ म पात्रको साथी अस्तित्व पनि  आउँथ्यो । शियालाई जिस्क्याउनु, यौनशोषण गर्नु, रक्सी खानु उसको कर्म थियो । म पात्र भने श्रीमतीका कारण सायद नारीप्रति नकारात्मक भाव बोकेका कारण शियालाई दुर्गन्धी, फोहोरी र गनाउने ठान्दथ्यो भने त्यही शियाको दर्शन नगरी जीवन नचल्ने अवस्थामा पनि छ । यही कारण अफिसबाट सरासर होटलमा आउनु, गफ गर्नु, रमिता हेर्नु म पात्रको दैनिकी बनेको छ । समाख्याता म पात्र स्वास्नीमान्छेजस्तै छ वा अरूले त्यसो भन्छन् कि ऊ मनमा गाडिन्छ । मनभरि कुण्ठा बोकेर हीन मानसिकता पाल्नु, अतीतमा रमाउनु, आफूलाई *महत्ताहीन* तथा केवल बाँच्नलाई बाँचेको ठान्नु, नामर्द स्वीकार्नु म पात्रको दैनिकी देखिन्छ । उसलाई अँध्यारादेखि डर लाग्छ भने उज्यालो पनि असहज लाग्दछ । मृत्यून्मुख चिन्तन बोकेर दैनिकी गुजार्नु म पात्रको बाध्यता बनेको छ । म पात्र जीवन र मृत्युप्रति निराशा व्यक्त गर्दछ । हामी प्रत्येक मान्छे जीवन र मृत्युप्रति एउटा एउटा मृत्यु च्यापेर हिँड्छौँ (पृ.५४) भन्ने विसङ्गतिवादी शून्यवादी मानसिकता बोकेको म पात्र कोठामा आएर मृत श्रीमती शियाप्रति एकोहोरो फत्फताउँदै आफू एउटा सत्ताहीन, दीनहीन मान्छे भएको र बाँच्नलाई बाँचेको बताएसँगै उपन्यासको कथावस्तु समाप्त भएको छ ।

*महत्ताहीन* एउटा वैचारिक उपन्यास हो । यसले निर्लिप्त संलग्नताको भोगाइको प्रतीति  समेट्छ । यसमा व्यर्थताबोधमा अनिच्छा र अस्वीकृतिमूलकता पलाउँछ तर यो निम्नतम स्थितिसँग गरिने सम्झौताहरू काम चलाउ जीवन जिउन बाध्य मनुष्यको नियति हो (प्रधान, २०५८, पृ . ४३१) । यसमा पारिजातले नारीप्रतिको पुरुषमा रहेको विकृत मानसिकतालाई नाङ्गो रूपमा प्रस्तुत गरेकी छन् । उपन्यासमा सबल कथानक पाइँदैन । कथानकमा घटना थोरै तर डरलाग्दा प्रकृतिका छन् । कथानक फनफनी घुम्छ तर खहरेझैँ बग्दैन । नागबेली आकारमा उनै जागी, समाख्याता, सत्रारुढ व्यक्ति, शिया, प्रोढ नारी (मालिक्नी) का भेटघाट र अर्थहीन मनोवाद पाइन्छ । यद्यपि पत्रका संवादभित्र जीवन भने पाइन्छ । एकोहोरो आत्मालापमा बोलिरहने म पात्रको आत्मकथाले उपन्यासलाई बढी वैचारिक र गहन बनाएको छ । उपन्यासमा श्रृङ्खलित कथानक देखिँदैन । यहाँ बिचबिचमा र अन्त्यमा पनि विगतका प्रसङ्गहरू सम्झना गरिएका कारण व्यतिक्रमिक कथानक पाइन्छ । म पात्रमा रहेको विसङ्गतिवादी शून्यवादी चेतनाको अलापमय गाथाका कारण उपन्यासको कथावस्तु पहिल्याउन नसकी पाठकहरू अलमल्लमा पर्छन् । यही कथानकलाई विचारको लगामले थिचेका कारण उपन्यासको कथानक नै एउटा विचारको थुप्रो बन्न पुगेको छ । स्पष्ट कथानक नपाइनु र वैचारिक चिन्तनको प्रबलता उपन्यासको विशेषता हो ।

### *चरित्र र चरित्रचित्रण*

*महत्ताहीन* उपन्यासमा मा विभिन्न पात्रहरूले फरक फरक भूमका निर्वाह गरेका छन् । उपन्यासमा म पात्र, शिया, युवती, अस्तित्व, जोगी, होटल मालिक्नीलगायतका पात्रहरू पाइन्छन् । यिनको चरित्रलाई यहाँ प्रस्तुत गरिएको छ ।

**म पात्र/समाख्याता :** म पात्र *महत्ताहीन* उपन्यासको प्रमुख पुरुष चरित्र हो । यो उपन्यासको समाख्यता पात्र हो । आत्मपरक यस उपन्यासको अधिकांश स्थानमा यस पात्रको सहभागिता देखिन्छ । उपन्यासकारको मुखपात्र बनेको यस चरित्रले नारीप्रतिको पुरुष मानसिकतालाई उदाङ्ग पारिदिएको छ । विसङ्गत र मृत्यून्मुख प्रवृत्ति रहेको यो पात्र आफ्नी श्रीमतीसँगको स्त्रीसुखबाट वञ्चित भएपछि अझ विचलित बनेको छ । यही विकृत चिन्तनका कारण होटलमा काम गर्ने शियालाई गन्धी र घिनलाग्दी देख्छ तर उसको अचेतनमा रहेको स्त्रीसुखको खोजका कारण त्यहाँ

नगइरहन पनि सक्दैन । यसै पात्रका माध्यमबाट समग्र उपन्यास अघि बढेको छ । समाख्याता घरमा एक्लै भएको परिस्थितिले बताउँछ, सडकमा कोही मित्रसँग मध्यरात्रिमा खुट्टा घिसार्छ, अफिस जान्छ जहाँ उँघेर समय बितिरहन्छ । कार्यालयमा गफ गर्ने र चिया खाने कामबाहेक केही छैन । उपन्यासको मध्यदेखि जीवन परतिर बिकट उकालो बनेको देखिन्छ , सडकमा पुगेर लखर लखर पशुझैँ हिँड्ने बाध्यता, कर्मचारीको अड्डा छुटेपछि रक्सी, चुरोट र युवती खोजी गर्ने स्वभाव छ । होटलकी युवती शियालाई अरुले खेलाएको हेर्दाहेर्दै समाख्याता प्रेम पनि गर्दैन, घृणा पनि गर्दैन, सहानुभूतिसम्म राख्छ । गन्धमा रमाउने स्वभाव समाख्याताको रहेको छ । आत्मालापीय उपन्यास भएका कारण उपन्यासकारले विकृत पुरुष मानसिकता र त्यसको प्रभावलाई यसै पात्रका माध्यमबाट देखाएकी छन् । यस पात्रको आनीबानी, चिन्तन र व्यवहार विकृत र व  भत्स देखिन्छ । ऊ श्रीमतीलाई पनि कीरा, मुर्दा र लास देख्दछ । उसका हरेक गतिविधिहरू विश्रृङ्खल र विसङ्गत देखिन्छन् । ऊ हरेक विषयलाई नकारात्मक भावले हेर्दछ । श्रीमतीलाई माया गर्न, फकाउन पनि नजान्ने म पात्र विवाह गरेर पनि श्रीमान् बन्न सकेको छैन । श्रीमतीको मृत्युपछि झन् मरेसरहको जीवन बाँचेको समाख्याता आफूलाई पनि *महत्ताहीन*, लास र बेकारको वस्तु ठान्दछ । मर्न नसकेको र बाँच्न पनि नसकेको जीवन आफूले बाँचिरहेको बताउने यो पात्र उपन्यासको अहम् भूमिकामा देखिएको नायक हो । मञ्चीय र बद्ध यस पात्रकै कारण उपन्यास गतिशील बनेको छ । यौनपीडाबाट आहत विकृत पुरुष मानसिकताले जीवन, समाज, सम्बन्ध, परिवार, आफन्त अझ स्त्री जातिप्रति कस्तो धारणा राख्दछ र व्यवहार गर्दछ भन्ने पारिजातको चिन्तनलाई यस पात्रले हुबहु प्रकटीकरण गरेको छ ।

**शिया :** शिया *महत्ताहीन* उपन्यासकी सहायक नारी चरित्र हो । होटलमा काम गर्ने यस पात्रको पेसा नै यौनकर्मी महिलाका रूपमा रहेकी छ । होटलमा आएका ग्राहकलाई सन्तुष्ट बनाउनु उसको कर्म रहेको  छ । शिया म पात्रसँग पनि नजिकिन चाहन्छे तर म पात्रको निरीहता र व्यवहारका कारण उसँग टाढिन पुगेकी छ । उपन्यासमा सक्रिय भूमिकामा देखिएकी शियाले बेवारिसे जोगीलाई सहारा दिएर सहयोगी स्वभाव देखाएकी छ । हँसमुख र फरासिलो स्वभाव भएकी यो पात्र म पात्रको समय कटाउने माध्यम बनेकी छ । कर्मशील, सबल, फुर्तिली, आफूलाई लागेको कुरा स्पष्ट भन्ने यो पात्र जोसँग पनि सुन्त तयार हुनुपर्ने र आफ्नो स्वतन्त्र अस्तित्व नरहेका कारण यस पात्रमा चरम विसङ्गति देखिन्छ । उपन्यासलाई गति दिन भूमिका खेलेकी यो पनि उपन्यासकी मञ्चीय र बद्ध पात्र हो । उपन्यासकारले होटलमा काम गर्ने नारीहरूलाई पुरुषले गर्ने व्यवहारलाई देखाउन प्रयोग गरिएकी यस पात्रले पुरुष वर्गको असली रूप बाहिर ल्याउन भूमिका खेलेकी छ ।

**युवती :** युवती उपन्यासकी महत्त्वपूर्ण नारी चरित्र हो । कुनै भूमिका नभए पनि यही पात्रका कारण म पात्रमा विकृत मानसिकता विकास भएको र सम्पूर्ण उपन्यासमा त्यसको प्रभाव देखिएबाट युवतीको भूमिका अहम् देखिन्छ । म पात्रकी प्रेमिका र श्रीमती यस पात्रको निधन दुःखदायी रूपमा भएको छ र त्यसको प्रभावले म पात्रमा विसङ्गत र शून्यवादी मानसिकता विकसित भएको छ ।

**अस्तित्व :** अस्तित्व प्रस्तुत उपन्यासको सहायक पुरुष चरित्र हो । म पात्रको अफिसको कर्मचारी यो पात्र अफिसपछि शियाको होटलमा समय बिताउने गर्दछ । घरपरिवारको वास्ता नगर्ने र जीवनमा मस्ती गर्नुपर्छ भन्ने स्वभावको यसै पात्रको सहयोगमा म पात्र पनि शियासँग नजिकिन पुगेको हो । म पात्रलाई विवाहको भरपुर मजा लिन, श्रीमतीलाई उपभोग गर्न सल्लाह दिएबाट उक्त पात्र नारीलाई भोग्या वा प्रयोग गर्ने सामानमात्र ठान्ने विचारको देखिन्छ । जीवन रमाइलाका लागि भएकाले समय छँदै मोजमस्ती, खानपिन गरिहाल्नुपर्ने उपभोगवादी, स्वार्थी र स्त्रीलम्पट चरित्रका रूपमा अस्तित्व देखिन्छ । यस पात्रको आफ्नो अलग्गै भूमिकाभन्दा पनि म पात्रकै चरित्र विकासमा सहयोगी

भूमिका देखिन्छ । घर, परिवार र जिम्मेवारीभन्दा मोजमस्ती र ऐसआराम जीवनको लक्ष्य भएबाट यो पनि विसङ्गत चिन्तन बोकेको पात्रका रूपमा उपन्यासमा उपस्थित देखिन्छ ।

**जोगी** : जोगी *महत्ताहीन* उपन्यासको अर्को सहयोगी पुरुष चरित्र हो । गोज्याङ्ग्रो, सोझो, लाटो उपमा पाएको जोगी शियासँगै बस्ने र होटलमा काम गर्ने कर्मचारी हो । प्रौढनारी भट्टी मालिक्नी शियालाई पाल्न ल्याएकी र शियाले जोगीलाई ल्याएकी हो, दुवै बेसहारा हुन् । यस पात्रलाई शियाले बेवारिसे अवस्थामा भेटेर आफूसँगै राखेकी छ । जोगी शियासँगै बस्ने र रेखदेख पनि गर्ने गर्दछ । शियाभन्दा उमेरमा केही सानो देखिने यस पात्रलाई शिया गाली पनि गर्छे माया पनि गर्छे । अर्काले भनेको मान्नु, गाली खानु र जसले जे भने पनि लुरुलुरु गर्नु यसको नियति बनेको छ । म पात्रका अनुसार शियाको श्रीमान्को भूमिकामा रहेको जोगी गोज्याङ्ग्रो छ भने शिया चलाख छे । शियाका जैविक आवश्यकताहरू यसले पूरा गर्न सक्दैन । जोगी बाँच्नलाई त बाँचेको छ तर उसको कुनै मूल्य छैन । शियाजस्तै यो पात्र पनि चरम विसङ्गतिमा बाँचेको छ । जीवनको कुनै गति, लय वा अर्थ नभेट्टाएर जसले जे भने पनि मान्नुपर्ने चरम निराशामा यो पात्र देखिन्छ । आफ्नी श्रीमती परपुरुषको अँगालामा देखिँदा पनि प्रतिक्रियाहीन हुनुले यस पात्रको निरीहता र नियति स्पष्ट देखिन्छ । उपन्यासमा सत्तारुढ व्यक्ति पनि रहेको छ । कार्यालयमा सँगै काम गर्ने यस पात्रमा नारीप्रति गलत दृष्टिचेत रहेको पाइन्छ । ती भोग्या वस्तु हुनाले सक्दो उपभोग गर्नुपर्छ भन्ने मान्यता यस पात्रमा देखिन्छ । तसर्थ अफिस बिदा हुनासाथ ऊ होटेलतिर लागिहाल्छ । समाख्यातासित मित्रताको गाँठो कसिएर मध्यरातमा दुवै सडक चाहार्छन् । दुवै उद्देश्यविहीन छन् ।

### *पर्यावरण / वातावरण*

आख्यानमा सूक्ष्म र स्थूल परिवेश रहेको हुन्छ । जसमध्ये सूक्ष्म परिवेश भन्नाले मनभित्रको तरङ्ग पर्दछ भने स्थूल परिवेश वा पर्यावरण भन्नाले उपन्यासमा रहेको देश, काल र वातावरण भन्ने बुझिन्छ । *महत्ताहीन* उपन्यासमा सहरी वातावरण पाइन्छ । घर, अफिस र होटलसँगै वाग्मती नदी तथा ठाउँ ठाउँमा काठमाडौं उल्लेख भएबाट सहरी परिवेश पुष्टि हुन्छ; जस्तै : "चन्द्रागिरीमा एउटा बादलको टुक्रा अल्झाएर काठमाण्डूको साँझ तीन दिनदेखि एउटै चित्रकलामा बाँधिएको छ" (पृ.३५) । उपन्यासको समयगत परिवेश लगभग ६ महिनाको देखिन्छ । स्वदेशी परिवेश रहेको उपन्यासमा म पात्र र उनी युवतीको प्रेमविवाह, रित्तो सुगरात, युतीसँगको असन्तुष्टि, युवतीको निधन र यसले निम्त्याएको मानसिक घातप्रतिघात नै उपन्यासको परिवेश बनेको छ । वैचारिक उपन्यास भएका कारण परिवेश पनि सोही प्रकृतिको रहेको छ । युवतीसँगको असफल यौनिक जीवनबाट म पात्रमा उत्पन्न विसङ्गत जीवनचेतना उपन्यासभरि पाइन्छ । म पात्रको आत्मालाप रहेको उपन्यासको परिवेशमा बाह्यभन्दा आन्तरिक परिवेश बढी प्रभावी देखिन्छ । उपन्यासमा म पात्रको घर, अफिस, बाटाहरू, फूल, बगैँचा, साँझ, बिहानसँगै शियाको होटल, वर्षाको समय, मन्दिर बाह्य परिवेश बनेका छन् भने श्रीमती शियासँगको खटपट र निधनका कारण म पात्रमा उत्पन्न विसङ्गत जीवनचेतना, मृत्यून्मुख जीवनदृष्टि र व्यवहार तथा हरेक विषयलाई नकारात्मक ठान्ने मानसिकता यहाँ आन्तरिक परिवेशका उदाहरण बनेका छन् । शियालाई फोहोरी देख्नु तर सधैँ नजिकिन चाहनु, जोगीप्रति ईर्ष्याभाव जगाउनु म पात्रमा मानसिक विचलनका अवस्था हुन् । यस आधारमा हेर्दा एउटा विसङ्गतिवादी र वैचारिक उपन्यासमा आवश्यक पर्ने परिवेश यस उपन्यासमा पाइने कारण परिवेश प्रयोगका दृष्टिले प्रस्तुत उपन्यास सबल देखिन्छ ।

दृश्यका रूपमा भन्दा वर्णनात्मक रूपमा परिवेश आउनु उपन्यासको आफ्नै वैशिष्ट्य हो । साधारणदेखि नयाँ अनुहार थपिँदा कोठाको स्थिति चित्रणले ठुलो ठाउँ लिन्छ । कृतिमा दुवै परिवेशको चित्रण भएको पाइन्छ ।

समाख्याताको अवस्था टिठलाग्दो प्रकारको छ, अझै त्योभन्दा दुःखको विषय शियाको पनि छ । ऊ आफूमाथि अपराध गर्नेहरूलाई क्षमा गर्दाको गहिरो घाउ सम्झन्छ । ऊ आफूलाई केही ठान्दैन र केही हुनुमा विश्वास नै गर्दैन, आफूलाई परजीवी जुम्रा, कुकुर, झिँगा ठान्दाको मनको परिवेश कष्टपूर्ण देखिन्छ । समाख्यातालाई गरिएको गाली सुनेर भागिरहेको मन, 'नगरबवधूको पति' अझै ठेट शब्दमा सुनेर भाग्दा सडकसम्म त्यही शब्दको सुइराले घोचेको मनको बिम्बमा सूक्ष्म परिवेश चित्रण रहन्छ । नारीको कोणबाट पुरुषको आलोचना भएको कृतिले सूक्ष्म र स्थूल परिवेश चित्रणमा अद्वितीय स्थान ग्रहण गर्छ ।

### *सारवस्तु / विचार*

*महत्ताहीन* विसङ्गतिवादी चिन्तनको प्रयोग गरेर लेखिएको विचारपरक उपन्यास हो । यसमा तत्कालीन समय परिस्थितिका कारण पारिजातमा उत्पन्न मानसिक अवस्था अझ पुरुष वर्गको नारीप्रतिको धारणा यहाँ नाङ्गो रूपमा आएको छ । पुरुषशासित समाजप्रति उपन्यासकारको सांस्कृतिक प्रतिकार, प्रशंसा वा व्याजस्तुतिमार्फत जनाइने घृणा र हाम्रो रहस्यमय जीवनको व्याख्यासँगै यौन जीवनमा सङ्कट आएपछिको पुरुषमानसिकता र त्यसको प्रभावको खोजी नै उपन्यासको लक्ष्य हो । यसका लागि उपन्यासकारले म रूपी पुरुष पात्रलाई चयन गरेकी छन् । प्रेम विवाह गरेर ल्याएकी श्रीमतीले सुहागरातकै दिनदेखि छेउ आउनसम्म नदिएपछि म पात्र यौनडाहले विक्षिप्त बन्दछ । अझ अकारण श्रीमतीको निधनपछि भने पूर्ण रूपमा यौन विकृत र मृत्यून्मुख मानसिकता लिएर बाँच्दछ ।

विसङ्गतिवादी चिन्तनको प्रस्तुति उपन्यासको ध्येय देखिन्छ । शून्यताको अनन्त लहर बनेर *महत्ताहीन*ले जीवनको अस्तित्व विनाशका प्रसङ्गहरू प्रस्तुत गरेको छ । यसले जीवनलाई अपरिभाष्य, असन्तुलित तथा आदिम आभिशाप हो भनी रहस्यको पर्दाले छोपेको छ । जीवनको उपयोगहीनता *महत्ताहीन*को चुरो हो । धागो काटिएको चुरोझैँ घुम्ने अनाम पात्रको सार्थकता उपन्यासको स्वरूप हो ।प्रत्येक पुरुषहरू नारीलाई यौनिक आँखाले मात्र हेर्दछन् । अन्यभन्दा यौनभोकको तृप्ति तिनका लागि मुख्य विषय बन्दछ । उपन्यासमा यही यौनभोकको तृप्ति नभएपछि म पात्र चरम विसङ्गतिमा पुग्दछ । ऊ बलात्कार गर्न पनि सक्दैन केवल रमिता हेर्नु उसको नियति बनेको छ । यही यौनपीडाका कारण म पात्र मानसिक रोगी बनेको छ । उसमा चरम निराशावादी मृत्यून्मुख शून्यवादी विसङ्गत प्रवृत्ति देखिएका कारण प्रत्येक वस्तु मूर्दा, भूत, शुष्क र डरलाग्दा लाग्न थालेका छन् भने प्रत्यक नारीहरू दुर्घन्धित लाग्न थालेका छन् । उसका लागि जीवन केवल बाँच्नका लागि हो भने अफिस ठग्नलाई बनाइएको अखडा हो । ऊ आफैँले आफूलाई लाछी र हीन ठान्दछ । आफूले आफूलाई हीन, घृणित र डरलाग्दो ठान्नु विसङ्गतिवादी प्रवृत्ति हो । जता पनि मृत्यु, निराशा, पीडा, समस्या देखेपछि मर्न मन लाग्नु, जीवनमा बाँच्नु दुःख पाउनु हो भन्नु तर बाँचिरहनेजस्ता विसङ्गतिवादी प्रवृत्ति म पात्रमा पाइन्छ । यही विविध कारणले म पात्रमा उत्पन्न विसङ्गतिवादी मानसिकता र त्यसको प्रभावलाई देखाउनु नै यस उपन्यासको उद्देश्य हो । यहाँ निरर्थकताको अभिव्यक्तिसँगै यौनकुण्ठाको वीभत्स रूप र समाजमा प्रचलित यौनव्यापारको तुच्छ यथार्थलाई पनि स्थान दिइएको छ (घिमिरे र ज्ञवाली, २०५८, पृ. ३८) । उपन्यासमा निहित विसङ्गतिवादी चिन्तनका केही उदाहरणहरू :

- "म पनि मान्छेको एउटा कार्टुनमात्र हुँ र जीवनको ओढेर अहिलेसम्म धान्दै आएको एउटा भोगी" (पृ.६) ।
- "आफ्नो अस्तित्वलाई गिजोल्न इच्छा भइरहेको मलाई यसो भनूँ आफैँलाई मार्न इच्छा लागिरहेको मलाई आवेसले पनि सास निभ्ने गरी घाँटी अठ्याइरहेको थियो" (पृ.३१) ।

- "के सार्थकता छ यी हरिया पर्दाहरूको ? उज्यालो र हावाको विरोधमा झुन्ड्याइएका यी पर्दाहरू सायद कटु नियति भोग्छन् निरर्थकताको" (पृ.३३) ।
- "आफ्ना विगतहरूको चिहान खोतलेर प्रश्न गर्छु–एउटा सत्ताहीन मानिससँग नीच हुनुको के माने छ" (पृ.९१) ?
- "मानिस कीरा हुनुको प्रतीक यिनीहरू सबै, मानिस कीरा हुनुको प्रतीक शिया, मानिस कीरा हुनुको प्रतीक जोगी र मानिस कीरा हुनुको सबैभन्दा जोडदार विज्ञापन म आफैँ" (पृ.८७) ।
- "मसानघाटजस्तो निरुत्तर भएर मैले अनावश्यक पछिल्तिर फर्केर छोडिएको गोरेटो हेरेँ" (पृ.६१) ।
- "हामी प्रत्येक मान्छे आआफ्नो मुठीभित्र एउटा एउटा मृत्यु च्यापेर हिँड्छौँ तथापि मेरो आफ्नो दृष्टिकोणबाट आफूलाई मृत्युसचेत ठान्नु अपवादजस्तो लाग्छ" (पृ.५४) ।
- "मूल्य खोज्नु पनि त जीवनमा अन्धाधुन्ध दौडिनु कि त अन्धाहरूले हात्तीको प्रत्येक अङ्गहरूलाई अँठ्याएर मूल्यको ठोसपनामाथि किटेर विश्वास गर्नुस्तै हो" (पृ.१५) ।

उपन्यासमा विसङ्गत जीवन बाँचेको म पात्रको सपाट चित्रण पाइन्छ । श्रीमतीसँगको सहवासबाट विमुख भएको म पात्र सबै नारीहरूलाई आफ्नै श्रीमतीजस्तै रुखो  मुर्दा ठान्दछ । ऊ शियाको विरोध गरिरहन्छ र तर सँगै रहिरहन पनि चाहन्छ । चेतन मनमा घृणाभाव भए पनि अचेतन मन हरपल शियाको शरीरसँग खेल्न चाहन्छ । अनिच्छावश भोग्नुपरेको स्वीकृत जीवनका विवशताहरूको अस्वीकृतिमूलक स्वर हो (प्रधान, २०६१, पृ. १९०) । *महत्ताहीन* उपन्यासमा विसङ्गतिको सञ्चेतना प्रबल भएको हुँदा निरुद्देश्यता र निस्सारतालाई अत्यन्त गहिराइमा पुगेर हेरिएको छ । घृणित जीवन बाँच्नुपर्ने श्राप बोकेर जिउँदो रहेको स्वाङ पार्ने मान्छेको निरीहतासँग गर्ने सम्झौता यसमा प्रकट भएको छ । उपन्यासका पात्रहरू संवेदानाहीन छन्, निस्वार्थताभित्र चलमल गर्दै मृत्युको भयानक विसङ्गति कुरिरहेछन् । यस्तै यस्तै निस्सार र शून्यकै सेरोफेरोमा घुमिरहनु नै *महत्ताहीन* उपन्यासको विसङ्गतिवादी चिन्तन हो । यही हामी जानेर जन्म लिँदैनौँ र मरण मिति पनि जान्दैनौँ भन्ने विचार नै यस उपन्यासको मूलभाव, विचार वा सारवस्तु हो ।

### *दृष्टिबिन्दु*

*महत्ताहीन* उपन्यासको सम्पूर्ण कथयिता बनेर उपन्यासकै प्रमुख म पात्र आएको छ । उसले उपन्यासभित्र बसेर प्रमुख पात्रको भूमिका निर्वाह गरेकाले यसमा आन्तरिक दृष्टिबिन्दुअन्तर्गत केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । म पात्रकै अनुभव, सोचाइ, टिप्पणी तथा उसँगका कुराकानीबाट नै उपन्यासले मूर्तता प्राप्त गरेको छ । 'शिया मेरी स्वास्नी होइन र कहिल्यै हुन पनि सक्दिन तर स्वास्नी उसकी पनि होइन, शिया कसैकी पनि त स्वास्नी होइन', यस भनाइले पात्र चिनाउने तरिका देखाउँछ । ऊ (शिया) नगरवधू हो । ऊ उपन्यासको मूलप्रवाह र कार्यमा तीव्र गतिले समाहित भएको छ । म पात्रले उपन्यासको प्रारम्भ यसरी गरेको छ–

> पहिलो रात बत्तीको चहकिलो प्रकाशमा मैले उनको अनुहारलाई यसो भनूँ–निरीक्षण गरें । अनुहार र अनुहारभन्दा बढी केही थिएन । नीला सिंहमर्मरका गुच्चाजस्ता आँखाहरू जसमा जीवनको एकोहोरो प्रवृत्ति पढ्न सकिँदैन । स्वागत–अस्वागतको ठीक दोसाँधमा उभिएर हाँस्न खोज्दै खुम्चिएको खिरिलो ओठ । उसको ममाथि कुनै प्रतिक्रिया पर्न सकेन । (पृ.१)

यसमा म पात्र प्रविष्ट भएको छ र सबै वर्णन उसले मात्र गरेको छ । उपन्यासको अन्त्यमा पनि यसैगरी म पात्रले जीवनको रहस्यको वर्णन यसरी गरेको छ–

> आफ्ना विगतहरूको चिहान खोतलेर प्रश्न गर्छु–एउटा सत्ताहीन मानिसँग नीच हुने के माने छ ? नीचता पनि विश्वास न हो । प्रत्येक दीनहीन मनस्थितिहरू अब ममा चिप्लेटी खेलेर जान्छन् । नि:सन्देह म आत्मपीडक होइन । कोही मलाई कहिल्यै नसोधोस्– म खुसी छु वा दु:खी ? (पृ.९१)

यसरी हेर्दा उपन्यासको चिन्तनदेखि सामान्य अनुभवसम्म पनि प्रमुख पात्र 'म' का माध्यमबाट व्यक्त गरिएका हुनाले यस उपन्यसमा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको देखिन्छ ।

***भाषाशैली***

*महत्ताहीन* विश्वपरिप्रेक्ष्यमा आएको युद्धोत्तर विसङ्गतिवादी निस्सारता प्रस्तुत गर्ने उपन्यास भएको हुँदा यसको भाषिक प्रस्तुति पनि सामान्य पाठकका लागि भन्दा बौद्धिक दर्शनसचेत बुद्धिजीवीका लागि गरिएको जस्तो देखिन्छ । निराशा, निस्सारता, निरुद्देश्य, निरर्थक, शून्य र विसङ्गतिजस्ता शब्दहरूको प्रयोग यसमा अधिक भएको छ । एउटा जागिरे र पढेलेखेको व्यक्तिको वर्णनको भाषा यहाँ पाइन्छ । काठमाडौँ उपत्यकामा बसोबास गर्ने पात्रले प्रयोग गर्ने भाषाअन्तर्गत यहाँ तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । स्वागत, कर्तव्य, जीवन, केवल, स्वतन्त्र, अपराध आदि तत्सम, हाँसो, हावा, आँखा, रात, पानी आदि तद्भव तथा सटक, साइकिल, करेन्ट, अफिस आदि आगन्तुक शब्दहरूको विविधतामय प्रयोगले उपन्यास कलापूर्ण बनेको छ । उपन्यासमा तर्कको बाढी नै आएको देखिन्छ । जस्तै :

- एउटा निर्बन्ध भागेको घोडा आफूलाई फुक्का अनुभव गर्दै, टाप बजाउँदै फेरि अस्तबलमा नै पुग्छ (पृ.२) ।
- यहाँ अकारण नै हाँसिदिन्छन् कारणले पनि हाँस्न नसकेका विक्षिप्त अनुहारहरू (पृ.१५)
- आहा ! हाम्रा यी क्षुद्र अस्तित्वहरू, आफूलाई बिर्साउन नसकेर बाँच्दै गइराखेका हाम्रा अभियानहरू, हाम्रा नियतिहरू, हाम्रा कारणहीनताहरू (पृ.७४) ।

उपन्यासमा कतिपय पात्रका भाषामा खान नपाएर मर्न लागेको थिइस्, मैले नल्याएको भए के गति हुन्थ्यो ? चोर भातेजस्ता गालीगलोजको पनि प्रयोग पाइन्छ । कवितात्मक गद्यभाषा यस उपन्यासको महत्तम उपलब्धि हो । अफ्ठ्यारा शब्दहरूलाई पारिजातले सुन्दर बनाएर प्रस्तुत गरेकी छन् । प्रत्येक वाक्यहरू कवितामय लाग्ने भएकाले यो पढ्दा काव्यजस्तै लाग्नसक्छ; जस्तै :

> को भन्न सक्छ हामी जे गर्छौं ती सबसँग हाम्रा आन्तरिक अवस्थाको सम्बन्ध छ वा छैन । कुन्नि हाम्रो वास्तविकता के हो, कुन्नि हामी के हौं । के सारा जीवन हामी आफूसँग पनि अपरिचित भएर बिताउँछौँ । यतिका अर्थहीनताहरूबिच यो सोचाइ कति भयानक छ मानिदिऊँ जीवनको महा विभीषिका नै यही हो, केही जोड चल्छ हाम्रो ? असम्भव । (पृ.७०)

'एउटै प्रबल चाहना थियो कि पुग्नुपर्ने कतै होइन, हिँड्दा हिँड्दै सडकले खर्लम्म निलिदेओस्' प्रतीकात्मक शब्द सञ्जालमा विसङ्गति चेतको शासन देखिन्छ । यसरी एउटा विसङ्गतिवादी चिन्तन बोकेर पनि वैचारिक उपन्यासका लागि आवश्यक स्वाभाविक भाषाको प्रयोगले उपन्यासलाई अझ जीवन्त बनाएको छ । जीवनको निरुद्देश्यता, शून्यता र अर्थहीनतालाई सम्बोधन गर्ने प्रकृतिकै भाषाको प्रयोग हुनु यस उपन्यासको खास विशेषता हो ।

***प्रतीक र बिम्ब***

*महत्ताहीन* एउटा वैचारिक उपन्यास हो । यस उपन्यासमा म पात्रका माध्यमबाट प्रतीकात्मक अभिव्यक्ति भएको देखिन्छ । यहाँ म पात्रको श्रीमतीलाई म पात्रले– "नीला सिंहमर्मरका गुच्चाजस्ता आँखा भएकी (पृ.१)" भनेको

छ भने आफ्नो दैनिकीलाई– “सटक, साइकिल र अफिस मेरो पनि वर्तमानमा भोगिरहेको नियति थियो (पृ.२)” भनेको छ । त्यस्तै– “निरुद्देश्य पलापिएर आएका दूबाहरू मन्दिरजस्तै एउटा छाप्रो जहाँ कुन्नि कुन देवता बस्छ । बगलमा नस्याहारिएका बोटहरूमा मन्दिरको आडमा एउटा बेस्कन झाँगिएको बेगुनबेलीको बोट बोट (पृ.५)” जस्ता प्रतीकात्मक अभिव्यक्तिहरू यहाँ पाइन्छन् । यी अभिव्यक्तिहरू जीवनको विसङ्गत अवस्थालाई बुझाउन प्रयोग गरिएका छन् । उपन्यासमा म पात्र यौन पीडित युवाको प्रतीक बनेर आएको छ भने होटलमा काम गर्ने शिया र जोगी आफैँमा केवल बाँच्नलाई बाँचेका मुर्दाको प्रतीक बनेर आएका छन् । उपन्यासमा बारबार बेगुनवेली र नीलकाँडा फूलको चर्चा भएको छ । बेस्कन झाँगिएर कोपिला लागेपछि फुल्ने बेगुनबेली जो केवल फुल्छ र झर्छ त्यसको कहीँ प्रयोग गरिन्न भने आफैँमा अर्थहीन बन्दछ साथै नीलकाँडा शत्रुलाई परैबाट लखेट्ने, म पात्रकी श्रीमतीजस्तै सिङ्गो मानव जीवनको प्रतीकका रूपमा उपस्थित छ । उपन्यासको शीर्षक आफैँमा एउटा प्रतीक हो । मान्छे सर्वश्रेष्ठ र विवेकी मानिन्छ तर जब समय परिस्थितिले उसलाई परिबन्दमा पार्छ, तब ऊ आफूलाई *महत्ताहीन* ठान्दछ । म पात्र विवाह गरे पनि श्रीमतीसँग नजिक हुन, सम्बन्ध राख्न, सन्तान जन्माउन असफल हुन्छ तब उसमा चरम विसङ्गतिबोधको विकास भई शून्यता र निराशाले घर गर्दछ । म पात्रले जीवनको निरीहतालाई यसरी चिनाएको छ–

- मानिस कीरा हुनुको प्रतीक यिनीहरू सबै मानिस कीरा हुनुको प्रतीक शिया, मानिस कीरा हुनुको प्रतीक जोगी र मानिस कीरा हुनुको जोडदार विज्ञापन म आफैँ (पृ.८७) ।
- हामी प्रत्येक मान्छे आ–आफ्नो मुठीभित्र एउटा एउटा मृत्यु च्यापेर हिँड्छौँ (पृ.५४) ।
- फेरि म जीवनको अघि सायद घुँडा टेकिरहेको थिएँ (७१) ।

उपन्यासको सम्पूर्ण भाषा बिम्बात्मक रहेको छ । कवितामय प्रस्तुतिका कारण यसमा बिम्बको अत्यधिक उपयोग गरिएको छ । म पात्रको सोचाइ र वर्णनका क्रममा यस्तो स्थिति आएको छ । सामान्य कुरालाई पनि बिम्बात्मक बनाएर प्रस्तुत गर्दा तिनमा कवितात्मक सौन्दर्यको मिठास थपिएको देखिन्छ; जस्तै :

- उज्यालो र हावाको विरोधमा झुन्ड्याइएका यी पर्दाहरू सायद कटु नियति भोग्छन् निरर्थकताको (पृ.३३) ।
- यही बेगुनबेलीसँग निर्जज्ज व्यवहार किन नगरूँ ?’
- वेश्याले ममाथि आफ्नो शरीरको मैला झार्छे र वेश्यागामीहरू मेरो व्यक्तित्वमाथि थुकेर हिँड्छन् (पृ.३१) ।
- फूल र स्वास्नीमान्छेमा ममता देख्नेहरूको मुखमा कालो पोतिदिए हुन्छ ।
- एउटा रङ्गीन कीरा हो मेरी स्वास्नी, फूलहरूको गाछीमुनी हुर्केकी । वस्तुतः कीरा गोबरमा पनि हुर्कन्छ, जाँडमा पनि हुर्कन्छ । अझ कीरा गु ुहुमा बढ्ता हुर्कन्छ (पृ.६) ।
- गुजुल्टिएर बसेका सर्पका नाङ्गा जोडा (पृ.४५) ।

यसरी जीवनको निस्सारता र निरर्थकतालाई बिम्बका माध्यमबाट देखाएर विसङ्गतिवादी चेतनाको प्रस्तुति गर्न उपन्यास सफल भएको छ ।

### *गति र लय*

म पात्रका रूपमा म पात्रले वर्णन गरेका अनुभवहरू प्रकट भएका हुनाले यस उपन्यासमा गतिको निर्वाह उसको चिन्तनसँग सम्बद्ध रहेको छ । उपन्यासको मध्य र अन्त्यतिर विगतका स्मृतिसँग जोडिएका घटनाहरूले पारेको प्रभावविषयक चिन्तन चित्रणमा गतिको प्रवाह केही ढिलो भएको देखिन्छ भने दृश्यात्मक पद्धतिको प्रयोग गर्दा गति झन् घट्न गएको देखिन्छ । कथयिताले आफैँ परिवर्तन गर्ने दृश्यबाहेक पूर्वदीप्तिका रूपमा आएका कुराले गतिलाई बढाउन सहयोग पुऱ्याएको देखिन्छ । सुरुतिरबाहेक प्रत्येक खण्डमा घटनाको वर्तमान दृश्य र स्मरणको प्रभाव व्यक्त

गर्दा पनि गति केही बढेको अनुभूत हुन्छ । अपेक्षाकृत न्यून गतिमा हिँडेको यस उपन्यासमा थोरै दृश्य भए पनि चिन्तनपरक भएकाले नकारात्मक प्रभाव भने परेको छैन । गतिको घटीबढीबाट उत्पन्न हुने लयात्मक रूप यस उपन्यासमा मार्मिक रूपमा आएको छ । कुतूहलको मात्रा अधिक हुने पात्रको संवादले प्रहार गर्ने कारण लयात्मकता बढेको पाइन्छ । निस्सारता र निरर्थकता अनि बेगुनबेली नीलकाँडा फूलको बिम्बले लयको सिर्जना गरेको छ । कथ्यको लयबाहेक वाक्यहरूको उच्च संयोजन र बौद्धिक मिश्रण पनि पाइन्छ । प्रत्येक वाक्यमा सौन्दर्यको छटा प्रस्तु गरेर पारिजातले भावनात्मकता, दार्शनिकता र कोमलताको समन्वयात्मक आनन्द उपन्यासमा प्रदान गरेकी छन् ।

### *शीर्षक*

शीर्षक चयनका दृष्टिले पनि *महत्ताहीन* उपन्यास अर्थपूर्ण देखिन्छ । *महत्ताहीन* भन्नाले महत्त्व नभएको वा महत्त्वले हीन, अर्थहीन भन्ने बुझिन्छ । प्राणीहरूमध्ये उत्तम मान्छे अर्थहीन हुन्छ भने उसका सोचाइ र व्यवहारहरू पनि विश्रृङ्खलित बन्दछन् । आफूभित्र झुत्रो मान्छे बाँचेको देख्ने समाख्याताको वैवाहिक जीवन असन्तुलित बनेपछिको प्रभाव उपन्यासमा पाइन्छ । असफल विवाह र श्रीमतीको आकस्मित मृत्युबाट म पात्रको मानसिकता पूर्णतया विसङ्गत बन्दछ । निरर्थक र शून्य जीवन बाँचेको म पात्रका चिन्तन र व्यवहारहरू स्वयम्मा निरर्थक, निस्सार र अर्थहीन बनेका छन्; जस्तै : “मभित्र एउटा *महत्ताहीन* दुःखी र झुत्रो मान्छे बाँच्छ, झुत्रे साँझहरूलाई बिताउँदै एउटा झुत्रे स्थानमा, झुत्रे परिवेशमा” (पृ.६१) । “यस्तो लाग्यो घामको सट्टामा भोलि कुनै विध्वंश उदाइदिए हुन्छ” (पृ.६३) ।

उपन्यासको विषयवस्तुजस्तै प्रायः पात्रहरू पनि संवेदनशील छन्, निरर्थकताभित्र चलमल गर्दै मृत्युको भयानक विसङ्गति कुरिरहेका छन् । स्वतन्त्र जीवनका नाममा पात्रले कुण्ठित र निरपेक्ष भोगाइ भोगिरहेका छन् । महाविसङ्गतिबिच कहालीलाग्दो अस्तित्वबोध हुनु र निस्सार शून्यकै सेरोफेरोमा घुमिरहने सन्दर्भलाई उपन्यासले शीर्षक बनाएको छ । जीवनको अपरिभाष्य, असन्तुलित, उपयोगहीनता तथा धागो काटिएको चङ्गाझैँ घुम्ने अनाम पात्रको विसङ्गत जीवनको सार्थकता यहाँ रहेको छ । युवती वैवाहिक जीवनलाई सार्थकता प्रदान नगर्दै जलेर मर्दछे भने म पात्र बेअर्थ, शून्य र विसङ्गत जीवन केवल बाँच्नलाई बाँचेको स्वीकार गर्दछ । शिया शरीर अरूलाई सुम्पेर केवल बाँचेकी छ भने जोगी शियाका लागि अपमानित भएर पनि बाँचेको स्वीकार्दछ । यही विसङ्गत जीवनमा विसङ्गत रमिता हेर्दै बाँचेको जीवन केवल *महत्ताहीन* हो, शून्य हो र मुर्दा हो भन्ने विचारलाई शीर्षकले सङ्केत गरेको छ । यसरी यस उपन्यासमा रहेको शीर्षकसमेत अन्य पक्षजस्तै विसङ्गत र चिन्तनपरक देखिन्छ ।

## निष्कर्ष

‘महत्ताहीन उपन्यासमा औपन्यासिकता’ शीर्षकको प्रस्तुत लेखमा उपन्यासका तत्त्वका आधारमा उपन्यासको अध्ययन गर्ने प्रमुख उद्देश्य लिई पारिजातका औपन्यासिक प्रवृत्ति र तत्त्वगत दृष्टिले उपन्यास कस्तो देखिन्छ भन्ने समस्यामा केन्द्रित रहेको छ । यस अध्ययनबाट पारिजातको विसङ्गत जीवनदृष्टि समेटिएको महत्ताहीनको कथानक सपाट रूपमा भन्दा विचारका तरेलीहरूमा अघिपछि गर्दै अघि बढेको भए पनि कथानकको मूल मिहे नछाडेको, विचारप्रधान उपन्यास हुनाले पात्र प्रयोगमा समेत परम्परा भिन्न देखिएको, पर्यावरणसमेत मूर्त र अमूर्त दुवै समावेश भएको, विसङ्गतिवादी जीवनदृष्टि विचार बनेको, भाषाशैली बौद्धिक र उद्देश्यलाई न्याय गर्ने किसिमको रहेको, बिम्ब र प्रतीक कवितामय बनेको तथा गति र लय केही कमजोर रहेको अनि शीर्षसमेत उपन्यासको विचारअनुकूल रहेका कारण महत्ताहीन प्रयोगशील उपन्यसका रूपमा रहेको तथा विधागत तत्त्वका आधारमा यो कृति मध्यमस्तरको उपन्यास बनेको

## सन्दर्भसामग्री


घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०५८), *आख्यानकार पारिजात*, हजुरको प्रकाशन ।

दाहाल, घनश्याम (२०७८), *प्रमुख नेपाली उपन्यास र उपन्यासकार*, काष्ठमण्डप पुस्तक स्टोर ।

प्रधान, कृष्णचन्द्रसिंह(सम्पा.) (२०५८), *साझा समालोचना* (पाँ सं.), साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार* (चौ.सं.), साझा प्रकाशन ।

पारिजात (२०२५), *महत्ताहीन* , साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र*, साझा प्रकाशन ।

लुइँटेल, लीला (२०६२), ‘नेपालीमा महिला उपन्यासकारको अवस्थिति’, *कुञ्जिनी* (वर्ष १२, अङ्क ९), पृ.६७–६८ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०३४), *नेपाली साहित्यको संक्षिप्त इतिहास*, साझा प्रकाशन ।